१५६ औं बैठक

आज मिति २०८२/०८/०६ गते दिउँसो १२:३० बजे यस मेलौली नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री भिम बहादुर चन्दज्यूको अध्यक्षतामा बसी तपसिल बमोजिमको उपस्थितिमा निम्न बमोजिमका प्रस्तावहरु माथि छलफल गरी देहाय बमोजिमका निर्णयहरु पारीत गरीए ।

तपसिलः

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भिम बहादुर चन्द | नगर प्रमुख | |
| २ | श्री पार्वती बोहरा (विष्ट) | नगर उपप्रमुख | |
| ३ | श्री शरद सिंह नेगी | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री कृष्ण दत्त भट्ट | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री गगन सिंह भाट | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री हर्क बहादुर चन्द | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री भरत सिंह पुजारा | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री तारा दत्त भट्ट | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री राम चन्द्र भट्ट | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री तपेन्द्र सिंह विष्ट | ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री लोक राज भट्ट | ९ नं. वडा अध्यक्ष | |
| १२ | श्री नन्दा ओझा (भट्ट) | कार्यपालिका सदस्य | |
| १३ | श्री मानमति कामी | कार्यपालिका सदस्य | |
| १४ | श्री धाना चन्द | कार्यपालिका सदस्य | |
| १५ | श्री पार्वती भट्ट (ओझा) | कार्यपालिका सदस्य | |
| १६ | श्री धाना तिरुवा (वि.क.) | कार्यपालिका सदस्य | |
| १७ | श्री विजय पोखरेल | कार्यपालिका सदस्य | |
| १८ | श्री सुरेश परियार | कार्यपालिका सदस्य | |
| १९ | श्री धरम सिंह दयाल | कार्यपालिका सदस्य | |
| २० | श्री दल बहादुर धामी | सदस्य सचिव | |

CamScanner

<u>प्रस्तावहरु:</u>

प्रस्ताव नं. १. कर्मचारी ब्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं. २. MIS Operator सम्बन्धमा ।
प्रस्ताव नं. ३. पोषण शाखाको कार्यक्रम सम्बन्धमा ।
प्रस्ताव नं. ४. आर्थिक सहायता सम्बन्धमा ।
प्रस्ताव नं. ५. सडक मर्मतको रकम भुक्तानी सम्वन्धमा ।
प्रस्ताव नं. ६. O&M सर्भे सम्बन्धमा ।
प्रस्ताव नं. ७. शिक्षा कार्यविधि संसोधन सम्बन्धमा ।
प्रस्ताव नं. ८. विपद् ब्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं. ९. विद्युत र टेलिकमको सेवा माग सम्बन्धमा ।
प्रस्ताव नं. १०. खरीद गुरुयोजना/योजना सम्बन्धमा ।
प्रस्ताव नं. ११. सटर भाडादर निर्धारण सम्बन्धमा ।
प्रस्ताव नं. १२. ठेक्काको म्याद थप सम्बन्धमा ।
प्रस्ताव नं. १३. कार्यसम्पादन/करार सम्झौता सम्बन्धमा ।
प्रस्ताव नं. १४. शिक्षा समितिका निर्णयहरु अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं. १५. तहमिलान तथा तहवृद्धी सम्बन्धमा ।
प्रस्ताव नं. १६. कार्यविधि/नियमावलीहरु सम्बन्धमा ।

(क) सार्वजनिक जवाफदेहिता प्रवर्धन सम्वन्धी कार्यविधी, २०८२
(ख) सम्पत्ति तथा जिन्सी समान विक्रि सम्वन्धी नियमावली, २०८२
(ग) स्थानीय खरिद नियमावली, २०८२
(घ) कन्टीजेन्सी खर्च संचालन सम्वन्धी कार्यविधी, २०८२

दल बहादुर धामी
प्रशासकीय अधिकृत

भिम बहादुर चन्द
नगर प्रमुख

**निर्णयहरु:**

**निर्णय नं. १,** प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकाको कार्यालय वा अन्तर्गत तपसिलबमोजिम कर्मचारी ब्यवस्थापन गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

**तपसिल**

- स्वास्थ्य तर्फ : मेलौली नगरपालिकाको स्वास्थ्य तथा सरसफाई शाखा र स्वास्थ्यचौकीमा कार्यरत कर्मचारीहरुलाई निम्नानुसार ब्यवस्थापन गर्ने:

| क्र.सं. | कर्मचारीको नाम/थर | पद/तह | साविकको कार्यालय | खटाइएको कार्यालय | कैफियत |
|---|---|---|---|---|---|
| १. | श्री नारायण बहादुर चन्द | सि.अ.हे.ब. अधिकृत छैठौं | मेलौली नगरपालिका स्वास्थ्य तथा सरसफाई शाखा | सलेना स्वास्थ्य चौकी | |
| २. | श्री राज बहादुर चन्द | सि.अ.हे.ब. अधिकृत छैठौं | मेलौली नगरपालिका स्वास्थ्य तथा सरसफाई शाखा | दुर्गास्थान स्वास्थ्य चौकी | |
| ३. | श्री मोहन ~~बहादुर चन्द~~ सिंह भाट | सि.अ.हे.ब. अधिकृत छैठौं | मेलौली नगरपालिका स्वास्थ्य तथा सरसफाई शाखा | केशरपुर प्राथमिक स्वास्थ्य केन्द्र | |
| ४. | श्री जगदिश प्रसाद भट्ट | जनस्वास्थ्य अधिकृत सातौं | मेलौली नगरपालिका स्वास्थ्य तथा सरसफाई शाखा | महारुद्र स्वास्थ्य चौकी | |

- साथै मेलौली नगरपालिका स्वास्थ्य तथा सरसफाई शाखामा कामकाज गर्ने गरी BPH अध्ययन गरेका र कम्प्युटर सम्बन्धी समेत ज्ञान भएका सलेना स्वास्थ्य चौकीमा जनस्वास्थ्य अधिकृत छैठौं पदमा कार्यरत श्री भोज बहादुर चन्द र सि.अ.न.मि. निरीक्षक छैठौं श्री हरीना कुमारी भण्डारीलाई नगरपालिकाको दरबन्दी तेरीज अनुसार स्थायी पदपुर्ति नभएसम्मका लागि मेलौली नगरपालिका स्वास्थ्य तथा सरसफाई शाखामा कामकाज संचालन गर्न काजमा खटाउने ।

- वडा कार्यालयहरु तर्फ निम्नबमोजिम गर्ने र खटाइएकै कार्यालयमा हाजिर गराउने । थप जिम्मेवारी तोकीएका प्राविधिक कर्मचारीहरुले नियमित रुपमा महिनाभर एक हप्ता जिम्मेवारी तोकीएको वडा र अर्को हप्ता थप जिम्मेवारी तोकीएको वडामा हाजिर हुने ब्यवस्था मिलाई सेवा प्रबाह दुरुस्त बनाउने र सम्बन्धीत कार्यालय प्रमुखले प्रत्येक महिनाको हाजिरी प्रमाणित गरी नगरपालिका पठाउने ब्यवस्थालाई निरन्तरता दिने ।

| वडा नं. १ | | | | |
|---|---|---|---|---|
| **क्र.सं.** | **कर्मचारीको नाम/थर** | **पद/तह** | **जिम्मेवारी** | **कैफियत** |
| १. | श्री चक्रमणी जोशी | अधिकृत छैठौं | वडासचिव | |
| २. | श्री धर्मेन्द्र बहादुर चन्द | सव इन्जीनियर | सव इन्जीनियर | |
| ३. | श्री नरेन्द्र सिंह नेगी | ना.प्रा.स. | ना.प्रा.स. | |
| **वडा नं. २** | | | | |
| १. | श्री भान बहादुर चन्द | सव इन्जीनियर | वडासचिव | |
| २. | श्री ध्रुव सिह नायक | प्राविधिक सहायक | सव इन्जीनियर | |
| ३. | श्री खेम राज जोशी | ना.प.से.प्रा. | ना.प.से.प्रा. | |
| **वडा नं. ३** | | | | |
| १. | श्री अनिता चन्द | सहायक पाँचौं | वडासचिव | |
| २. | श्री ध्रुव सिह नायक | प्राविधिक सहायक | सव इन्जीनियर | ३ नं. वडामा सव इन्जीनियरको थप जिम्मेवारी |
| ३. | श्री खेम राज जोशी | ना.प.से.प्रा. | ना.प.से.प्रा. | वडा नं. ३ मा थप जिम्मेवारी |

दल बहादुर धामी
प्रमुख प्रशासकीय अधिकृत

भिम बहादुर चन्द
नगर प्रमुख

CamScanner

| | | | | |
|---|---|---|---|---|
| **वडा नं. ४** | | | | |
| १. | श्री लोकराज जोशी | सहायक पाँचौ | वडासचिव | वडा नं. ४ मा वडासचिवको थप जिम्मेवारी |
| २. | श्री विरेन्द्र सेठी | सव इन्जीनियर | सव इन्जीनियर | |
| ३. | श्री केशव राज भट्ट | ना.प.से.प्रा. | ना.प.से.प्रा. | |
| **वडा नं. ५** | | | | |
| १. | श्री लोकराज जोशी | सहायक पाँचौ | वडासचिव | |
| २. | श्री भागरथी निद्याल | सव इन्जीनियर | सव इन्जीनियर | |
| ३. | श्री नागेन्द्र प्रसाद पैतोला | ना.प.से.प्रा. | ना.प.से.प्रा. | |
| **वडा नं. ६** | | | | |
| १. | श्री निर्मला पाठक | म.वि.नि. | वडासचिव | |
| २. | श्री भागरथी निद्याल | सव इन्जीनियर | सव इन्जीनियर | वडा नं. ६ मा सव इन्जीनियरको थप जिम्मेवारी |
| ३. | श्री नागेन्द्र प्रसाद पैतोला | ना.प.से.प्रा. | ना.प.से.प्रा. | वडा नं. ६ मा थप जिम्मेवारी |
| **वडा नं. ७** | | | | |
| १. | श्री चिन्तामणी भट्ट | सव इन्जीनियर | वडासचिव | |
| २. | श्री जोहारी सिंह विष्ट | सव इन्जीनियर | सव इन्जीनियर | |
| ३. | श्री ललित प्रसाद पन्त | ना.प.से.प्रा. | ना.प.से.प्रा. | |
| **वडा नं. ८** | | | | |
| १. | श्री सुरेन्द्र दत्त भट्ट | सव इन्जीनियर | वडासचिब | |
| २. | श्री हरिश प्रकाश लुहार | अ. सव इन्जीनियर | अ. सव इन्जीनियर | ८ नं. वडामा सव इन्जीनियरको थप जिम्मेवारी |
| ३. | श्री ललिता चन्द | ना.प्रा.स. | ना.प्रा.स. | |
| **वडा नं. ९** | | | | |
| १. | श्री लिलाधर जोशी | प.स्वा.प्रा. | वडासचिव | सोही वडामा प.स्वा.प्रा.को थप जिम्मेवारी |
| २. | श्री हरिश प्रकाश लुहार | अ. सव इन्जीनियर | अ. सव इन्जीनियर | |

- यस कार्यालयमा कार्यालय सहयोगी पदमा कार्यरत श्री मदन बहादुर चन्द लामो समयदेखि विना कुनै जानकारी कार्यालयमा अनुपस्थित रहनुभएकाले निजलाई नियमानुसार सेवाबाट हटाउनका लागि आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरीयो ।

__निर्णय नं. २,__ प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकामा MIS Operator पदपुर्तिका लागि यस अधि प्रकाशित सूचना अनुसार प्राप्त भएका आवेदनहरुको पदपुर्ति प्रकृया लामो समय वितिसक्दा पनी अगाडी बढ्न नसकेकोले पुराना आवेदनहरु समेत स्वतः समावेश हुने गरी १५ दिनको म्याद राखी पुनः पदपुर्ति सम्वन्धि सूचना प्रकाशित गर्ने र नियमानुसार छनोट प्रकृया अगाडी बढाउने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

__निर्णय नं. ३,__ प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकाको पोषण शाखाको कार्यक्रम स्वीकृत गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

दल बहादुर धामी
प्रमुख प्रशासकीय अधिकृत

भिम बहादुर चन्द
नगर प्रमुख

**निर्णय नं. ४.** प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकाको चालु आ.व. २०८२।०८३ को स्वीकृत बजेट तथा कार्यक्रमको क्र.सं. ८८ खर्च शिर्षक २७११२ राजस्व बाँडफाँड-संघीय सरकार -नगद स्रोत आर्थिक सहायता कार्यक्रमबाट तपसिल बमोजिम राहत वितरण गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

**तपसिल:**

| क्र.सं. | नामथर | ठेगाना | सहायता रकम | कैफियत |
|---|---|---|---|---|
| १. | श्री लक्ष्मी भट्ट | मेलौली नगरपालिका, २ | ४०,०००।- | |
| २. | श्री बाटु देवि चन्द | मेलौली नगरपालिका, ४ | ४०,०००।- | |
| ३. | श्री शंकर सिंह विष्ट | मेलौली नगरपालिका, ८ | ४०,०००।- | |
| ४. | श्री लछी पुजारा | मेलौली नगरपालिका, ५ | ४०,०००।- | |

**निर्णय नं. ५.** प्रस्ताव नं. ५ का सम्बन्धमा अर्को कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६.** प्रस्ताव नं. ६ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकाको कार्यालयको O&M सर्भे कार्य गर्नुपर्ने भएकाले आगामी नगर सभाबाट रु. ५,००,००० बजेट विनियोजन गर्ने गरी सर्भे कार्य अगाडी बढाउने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

**निर्णय नं. ७.** प्रस्ताव नं. ७ माथि आवश्यक छलफल गर्दा यस नगरपालिकाको शिक्षा कार्यविधि संसोधन, २०८२ स्वीकृत गर्ने निर्णय सर्वसम्मतिमा गरियो ।

**निर्णय नं. ८.** प्रस्ताव नं. ८ माथि आवश्यक छलफल गर्दा यस नगरपालिकाको विपद व्यवस्थापन समितिको मिति २०८२।०६।२७ गतेको बैठकले गरेको निर्णय नं. २, ३ र ४ अनुमोदन गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

**निर्णय नं. ९.** प्रस्ताव नं. ९ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकाका प्रत्येक वडाहरुमा पुर्ण विद्युतिकरण र नेपाल टेलिकमको इन्टरनेट सेवा विस्तारका लागि सम्वन्धीत निकायमा अनुरोध गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

**निर्णय नं. १०.** प्रस्ताव नं. १० माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकाको आ.व. २०८२।०८३ को खरीद गूरुयोजना र खरीद योजना निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११.** प्रस्ताव नं. ११ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकाको कम्पलेक्स भवनमा रहेको सटरहरु भाडामा लगाउने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

**निर्णय नं. १२.** प्रस्ताव नं. १२ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकासंग ठेक्का सम्झौता भई विविध कारणबस तोकीएको समयभित्र कार्य सम्पन्न हुन नसकेका ठेक्काको म्याद तपसिल बमोजिम थप गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

**तपसिल:**

| ठेक्का नं. | ठेक्काको नाम | म्याद थप अवधि |
|---|---|---|
| 10/SQ/CMS/2081/082 | Construction Of Municipal Stadium Infrastructure | २०८२ माघ ३० सम्म |

दल बहादुर धामी
प्रमुख प्रशासकिय अधिकृत

सिंह बहादुर चन्द
नगर प्रमुख

मेलौली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलौली, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

**निर्णय नं. १३.** प्रस्ताव नं. १३ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन सम्झौता गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

**निर्णय नं. १४.** प्रस्ताव नं. १४ का सम्बन्धमा अर्को कार्यपालिका बैठकमा थप छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५.** प्रस्ताव नं. १५ माथि आवश्यक छलफल गर्दा सुदूरपश्चिम प्रदेश स्थानिय सेवाको गठन संचालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८१ को दफा ९ बमोजिम तह मिलान/तह बृद्धी हुन छुट भएका कृषि सेवाका कर्मचारीहरु सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट मिति २०८१।०८।०८ गतेमा तह मिलान/तह बृद्धी गर्न जारी भएको अन्तरीम आदेश बमोजिम यस कार्यालयमा कृषि सेवा ला.पो.डे.डे. समुह अधिकृत छैठौं पदमा कार्यरत श्री कमलापति भट्टराई (कर्मचारी संकेत नं. १७२५१३) लाई कृषि सेवा ला.पो.डे.डे. समुह अधिकृत सातौं तहमा तह मिलान/तहबृद्धी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६.** प्रस्ताव नं. १७ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकाका तपसिल बमोजिमका कार्यविधि/नियमावलीहरु स्वीकृत गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

तपसिलः

(क) सार्वजनिक जवाफदेहिता प्रवर्धन सम्वन्धी कार्यविधी, २०८२
(ख) सम्पत्ति तथा जिन्सी समान विक्रि सम्वन्धी नियमावली, २०८२
(ग) स्थानीय खरिद नियमावली, २०८२
(घ) कन्टीजेन्सी खर्च संचालन सम्वन्धी कार्यविधी, २०८२

दल बहादुर धामी
प्रमुख प्रशासकीय अधिकृत

मिन बहादुर चन्द
नगर प्रमुख